




राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २२ ❑ अङ्क १२३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ जेठ ३ गते सोमबार ❑ 17 May 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-


## कोरोनाको कारण गण्डकी प्रदेशमा २८ जनाको मृत्यु

### कोरोना फैलिनुमा सामाजिक कार्य मुख्य कारक

**पोखरापत्र संवाददाता**
**पोखरा, २ जेठ**

गण्डकी प्रदेशको राजधानि पोखरा र प्रदेशमा कोरोनाको कारण मृत्यु हुनेहरुको संख्या बढ्दो रहेको छ। यस अघि पछिल्लो २४ घण्टामा प्रदेशमा २३ जनाको मृत्यु भएको थियो भने शनिबार १४ तर आइतबार भने एकाएक मृत्यु संख्या २८ पुगेको हो।

पछिल्लो २४ घण्टामा पोखराका ६ सहित गण्डकी प्रदेशमा कोरोनाबाट २८ जनाको मृत्यु भएको गण्डकी प्रदेशको स्वास्थ्य निर्देशनालयले जारी गरेको सूचनाको उल्लेख छ।

हिमाल पारीको जिल्ला मुस्ताङदेखि पहाड र तराई क्षेत्रका ११ जिल्लाका २८ जना महिला तथा पुरुषको मृत्यु भएको निर्देशनालयले जनाएको छ। स्याङ्जाका ७, कास्कीका ६, नवलपरासि पूर्व र बागलुङका २/२ जना, मुस्ताङका १, म्याग्दीका १, गोर्खाका १, लमजुङका २, तनहुँका ३, काठमाडौं, रुपन्देही र दाङका समेत एक, एक जना पोखरामा उपचारकै क्रममा मृत्यु भएको निर्देशनालयले जनाएको छ। उनीहरु मध्य २ जना होम आइसुलेसनमा मृत्यु भएको छ भने अन्यको स्वास्थ्य उपचार केन्द्र देखि जिल्ला अस्पताल एवं पोखराका विभिन्न अस्पतालमा मृत्यु भएको निर्देशनालयका निर्देशक डा. विनोद विन्दु शर्माले बताए। पछिल्लो चौबिस घण्टामा ७ सय ७७ जनामा गण्डकी प्रदेशका ११ वटै जिल्लामा कोरोना संक्रमण देखा परेको उनले जनाए। प्रदेशमा हालसम्म २८ हजार १ सय ८२ जनामा कोरोना संक्रमण देखा परेको डा. शर्माले जनाए। त्यसै गरी स्वास्थ्य कार्यालय म्याग्दी, पर्वत र लमजुङमा गरिएको एन्टिजेन परिक्षणबाट ४३ जनामा कोरोना संक्रमण देखा परेको थियो भने बाँकी पिसिआर विधिबाट नजिता पोजेटिभ आएको निर्देशनालयले जारी गरेको अध्यावधिकमा उल्लेख छ। प्रदेशको जनस्वास्थ्य प्रयोगशाला, ललितपुरको बिध ल्याब, चितवनको चितवन मेडिकल कलेज र भरतपुर अस्पताल, धौलागिरी अस्पताल, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, लाइफ केयर एण्ड डायग्नोष्टिक प्रा.लिमा पिसिआर परिक्षण गरिएको थियो। पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा ६ जना, प्रदेशको संक्रामक तथा सरुवा रोग अस्पतालमा १, चरक मेमोरियल अस्पतालमा ३ जना, गण्डकी मेडिकल कलेजमा ३, मणिपाल शिक्षण अस्पतालमा २, मेडि प्लसमा १, ग्यालेक्सि अस्पताल, बागलुङको धौलागिरी अस्पतालमा १, चितवन मेडिकल कलेजमा २, नवलपरासीको चोरमारा प्रथामिक उपचार केन्द्रमा १, गोर्खाको आँप पिपल अस्पतालमा १ जनाको उपचारकै क्रममा मृत्यु भएको शर्माले बताए।

दोश्रो लहरको कोरोना संक्रमण समाजिक कार्य बिबाह, ब्रतबन्ध, रुद्री लगायतका कार्यहरुमा मानिसहरुको अत्याधिक भिडभाड हुने गरी वैशाख पहिलो साता धैरै कार्यक्रम भएकोले गर्दा हाल गाँउगाँउमा कोरोना संक्रमणका व्यक्तिहरु संक्रमित भएसंगै मृत्यु समेत हुन थालेको पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका कोभिड उपचार केन्द्रका संयोजक डा. शरदचन्द्र बरालले बताए।

कास्कीको अन्नपूर्ण गाँउपालिकाका प्रमुख युवराज कुवंरले पनि आफुहरुले ख्याल नगर्दा सामाजिक कार्यमा भएको भिडभाडले हाल धैरै गाँउमा कोरोना संक्रमण बढेको बताए। आफ्नो पालिकाबाट कोरोनाले एक जनाको ज्यान लिएको बताएका उनले हाल आफ्नो पालिकामा करिब ३५ जना कोरोना संक्रमित भएको दाबी गरे। रुपा गाउँपालिकाका प्रमुख नवराज ओझाले आफ्नो पालिकामा हाल २ गम्भिर सहित १२ जना कोरोनाका शंक्रमतिका बिरामी भएको बताए।

पहिलो चरणको कोरोनाबाट एक जनाको ज्यान भएको पालिकामा हालसम्म मृत्यु दर भने बढेको छैन्। पोखरा महानगरपालिका वडा नम्बर १८ को वडा अध्यक्ष रणबहादुर थापाले आफ्नो वडामा समेत विवाह प्रतबन्ध लगायका सामाजिक कार्यमा अनावश्यक भिडभाड भएकाहरु हाल घर घरमा संक्रमित हुन थालेकोले सोमबार पिसिआर परिक्षण गर्ने बताए। आफ्नो वडामा हाल करिब एक सय भन्दा बढी कोरोना संक्रमित भएको उनले जनाए।

## एमालेमा विवाद मिलाउन कार्यदल

**रासस**
**काठमाडौं, २ जेठ**

सत्तारुढ नेकपा (एमाले) का अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओली र वरिष्ठ नेता माधवकुमार नेपालबीचको आइतबार भेटवार्ताबाट पार्टीको विवाद समाधानका लागि १० सदस्यीय कार्यदल गठन गरिएको छ।

कार्यदलमा संसदीय दलका उपनेता सुवास नेम्वाङ, विष्णुप्रसाद पौडेल, प्रदीपकुमार ज्ञवाली, शङ्कर पोखरेल र विष्णुप्रसाद रिमाल, भीमबहादुर रावल, घनश्याम भुसाल, गोकर्णराज विष्ट, सुरेन्द्रप्रसाद पाण्डे र रघुजी पन्त रहनुभएको नेता नेपालले सञ्चारकर्मीलाई जानकारी दिए। उनले कार्यदललाई तीन दिनको समय दिइएको र आवश्यकतानुसार थप्न सकिने बताए। भेटवार्ताबाट निस्किएपछि अध्यक्ष ओलीले संक्षिप्त प्रतिक्रिया दिँदै छलफल 'सकारात्मक' भएको बताए।

पार्टीलाई सर्वोच्च अदालतको गत फागुन २३ को फैसला बमोजिम नेकपा (माओवादी केन्द्र) सँगको एकतापूर्व (२०७५ जेठ ३) का अवस्थामा पार्टीका सङ्गठन र संरचनालाई सञ्चालन गर्नुपर्ने आवाज नेता नेपाल पक्षले उठाउँदै आएको छ।

सो विषयमा शीर्ष नेता र दोस्रो तहका नेताबीच पछिल्ला दिनमा छलफल हुन थालेपछि पार्टीमा विभाजन हुन सक्ने आशङ्का अन्त्य भएको छ।

## सात हजार ३६८ जनामा कोरोना, १४५ को मृत्यु

**रासस**
**काठमाडौं, २ जेठ**

थप सात हजार ३६८ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ। योसँगै नेपालमा कोरोना भाइरसबाट संक्रमितको सङ्ख्या चार लाख ५५ हजार २० पुगेको छ।

थप १९ हजार ४३९ जनाको पिसिआर परीक्षण तथा २४४ जनाको एन्टिजेन विधिबाट परीक्षण गरिएकामा पिसिआर विधिबाट सात हजार ३१६ तथा एन्टिजेनबाट ५३ जनामा सङ्क्रमण पुष्टि भएको हो। हालसम्म पिसीआर परीक्षण गराउनेको सङ्ख्या २७ लाख ७० हजार ९८० जना पुगेको छ। हाल ७०१ सङ्क्रमित क्वारेन्टिनमा रहेको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता डा जागेश्वर गौतमले जानकारी दिनुभयो।

हालसम्म तीन लाख ३९ हजार ७५६ जना कोरोना भाइरसबाट मुक्त भएका छन्। पछिल्लो २४ घण्टामा देशभर ६ हजार ६४८ सङ्क्रमित निको भएर घर फर्किएका छन्। शनिबार पाँच हजार ४५५ सङ्क्रमित निको भइ घर फर्किएका थिए। निको हुने दर ७४ दशमलव सात प्रतिशत रहेको मन्त्रालयले जनाएको छ। हाल देशभर एक लाख १० हजार २६३ सक्रिय सङ्क्रमित रहेका छन्। संस्थागत आइसोलेसनमा सात हजार ८०८ तथा होम आइसोलेसनमा एक लाख दुई हजार ४५५ रहेका छन्। हाल देशभर ७०१ सङ्क्रमित क्वारेन्टिनमा रहेको मन्त्रालयले जनाएको छ।

नेपालमा कोरोना भाइरसको सङ्क्रमणबाट मृत्यु हुनेको सङ्ख्या पाँच हजार नाघेको छ। पछिल्लो समय कोरोनाबाट १४५ सङ्क्रमितको मृत्यु भएको छ। योसँगै कोरोना भाइरसको सङ्क्रमणबाट ज्यान गुमाउनेको संख्या पाँच हजार एक पुगेको मन्त्रालयले जनाएको छ।

## राष्ट्रियसभा निर्वाचन ७२ घण्टाभित्रको पिसिआर रिपोर्ट देखाउनुपर्ने

**रासस**
**काठमाडौं, २ जेठ**

निर्वाचन आयोगले कोभिड-१९ महामारीको विद्यमान अवस्था दृष्टिगत गरी राष्ट्रियसभा सदस्य निर्वाचनका लागि स्वास्थ्य सुरक्षा मापदण्ड स्वीकृत गरी लागू गरेको छ।

स्वीकृत मापदण्डअनुसार मतदानस्थलमा आवश्यक स्वास्थ्य सामग्रीसहित दुई स्वास्थ्यकर्मी रहेको हेल्थ-डेस्क स्थापना हुनेछ। मतदानस्थल तथा मतदान केन्द्रमा प्रवेश गर्नुअघि पिसिआर रिपोर्ट देखाउन, साबुनपानीले हात धुन तथा स्यानिटाइजर प्रयोग र मास्कलाई अनिवार्य गरिएको आयोगका प्रवक्ता राजकुमार श्रेष्ठले जानकारी दिए। कोभिड-१९ संक्रमण देखिएका मतदाताका लागि बेग्लै मतदान केन्द्रबाट मतदान गर्ने व्यवस्था मिलाइएको र केन्द्रमा खटिने कर्मचारी, सुरक्षाकर्मी, स्वयंसेवक, मतदान प्रतिनिधि सबैले अनिवार्य रूपमा पिपिइ प्रयोग गर्नुपर्ने व्यवस्था गरिने छ। मतदानस्थल तथा केन्द्रमा खटिने कर्मचारी, सुरक्षाकर्मी, स्वयंसेवक, पर्यवेक्षक, उम्मेदवार वा उम्मेदवारका प्रतिनिधि एवं मतदाताले मतदानस्थल वा केन्द्रमा रहँदा कम्तीमा दुई मिटरको दूरी कायम गर्नुपर्ने र सबैले अनिवार्य रूपमा फेस शिल्ड, पञ्जा र मास्क लगाउनुपर्ने आयोगको विज्ञप्तिमा उल्लेख छ।

मतदान अधिकृतले एक मतदान केन्द्रमा बढीमा २५ मतदाताले मतदान गरिसकेपछि गोप्य मतदान कक्षमा प्रयोग भएका स्वस्तिक छापलगायत मतदान सामग्री तथा मतदान सम्पन्न भएपछि मतपेटिका सिल गर्नुअघि र मतगणनास्थलमा मतपेटिका खोल्नुअघि अनिवार्य रूपमा मतपेटिका निसंक्रमण गर्नुपर्ने व्यवस्थासमेत गरिने जनाइएको छ। मतदानस्थलमा अनिवार्य रूपमा आवश्यक उपकरणसहितको एक एम्बुलेन्स प्रदेश सरकारको स्वास्थ्य क्षेत्र हेर्ने मन्त्रालयको समन्वयमा सम्बन्धित जिल्ला स्वास्थ्य कार्यालय वा जिल्ला अस्पतालबाट व्यवस्था गर्नुपर्ने जस्ता प्रावधान स्वास्थ्य सुरक्षा मापदण्डमा छ।

## ६० प्रतिशतले घट्यो दुग्ध पदार्थको खपत, दैनिक १० करोड बढीको नोक्सान

**रासस**
**काठमाडौं, २ जेठ**

दोस्रो लहरको कोभिड-१९ सङ्क्रमणलाई ध्यानमा राख्दै देशका विभिन्न स्थानमा लागु गरिएको निषेधाज्ञाका कारण दुग्ध पदार्थको खपतमा कमी आएको छ।

अन्य समयको तुलनामा निषेधाज्ञासँगै दुग्ध पदार्थको ६० प्रतिशतले कमी आएको व्यवसायीहरू बताउँछन्।

नेपाल डेरी एसोसिएसनका अनुसार पछिल्लो समय दुग्ध पदार्थको खपतमा कमी आउँदा दैनिक रु दश करोड बराबरको नोक्सानी भएको छ। गत वर्षको बन्दाबन्दीमा रहेको मौज्दात दुग्ध पदार्थको धुलो र बटर हालसम्म बिक्री नभएको र थप निषेधाज्ञाका कारण ठूलो मात्रामा मौज्दात भएको एसोसिएसनका महासचिव प्रल्हाद दाहालले जानकारी दिए। उनका अनुसार हाल निजी डेरी र दुग्ध विकास संस्थानमा गरेर करिब रु तीन अर्ब बराबरको पाउडर दूध र बटर भण्डारमा थन्किएर बसेको छ।

चालु पुँजीको रूपमा रहेको रकम ठूलो मात्रामा सामग्री भण्डारणमा मौज्दात बस्दा धेरै डेरी उद्योगहरू बन्द हुने अवस्थामा

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पोखरामा कडा निषेधाज्ञा जारी भएपनि ३० प्रतिशत पेट्रोल र ६० प्रतिशत डिजेल खपत

### पोखरामा अत्याधिक सवारी साधन चल्दा कोरोना संक्रमणको जोखिम बढेको अध्यक्ष गोगंजुको दावी

**पोखरापत्र संवाददाता**
**पोखरा, २ जेठ**

पोखरा सहित कास्कीमा कोरोना संक्रमण दर बढेको भन्दै कास्की प्रशासनले पटक पटक कास्कीमा निषेधाज्ञामा थप कडाई गर्दै आए पनि बजारमा भने अत्याधिक सवारी साधनहरु संचालन भएको गण्डकी धौलागिरी पेट्रोलियम डिलर्स एशोसियसनका अध्यक्ष राजन गोगंजुले बताए।

कास्की प्रशासनलाई आफुहरुले पटक पटक पोखरा क्षेत्रमा अत्याधिक सानो दुई पाङ्ग्रे सवारी साधन देखि अन्य सवारी साधनहरु संचालन भएको अवगत गराउदै आए पनि अझै बजारमा अत्याधिक सवारी साधनहरु संचालन भएको उनले बताए। यसै क्रममा गण्डकी धौलागिरी क्षेत्रमा रहेका पेट्रोलियम पदार्थ विक्री डिपो पेट्रोल पम्पमाहरुमा दैनिक ४० हजार लिटर पेट्रोल र दुई लाख लिटर डिजेलको बिक्री बितरण भैरहेको अध्यक्ष गोगंजुले आइतबार जारी गरेको प्रेस विज्ञेप्तिमा उल्लेख गरेका छन्। उनका अनुसार हाल पोखरा क्षेत्रमा ३० प्रतिशत जसो पेट्रोल र करिब ६० प्रतिशत जसो डिजेल खपत हुदै आएको छ। गत बर्षको कोरोनाले गर्दा लकडाउन भएको अबस्थामा भने करिब ५ प्रतिशत पेट्रोल र १० देखि १२ प्रतिशत डिजेल खपत भएको गोगंजुले जनाए। उनले भने " पोखरा क्षेत्रमा के निषेधाज्ञा भएको छ भन्ने हो, पोखराको न्यूरोडमा सवारी साधनको पार्किङ गर्ने ठाँउ अझै अभाव छ, हाम्रा पेट्रोल पम्पमा दैनिक ३ सय जनासम्म एउटै पम्पमा सेवाग्राही आएका छन्।"

पेट्रोलियम पदार्थ भर्नका लागि जिल्ला प्रशासनले चलाउन अनुमति दिएका वा नदिएका सवारी साधनहरु पेट्रोलपम्पसम्म आउने गरेकाले यो क्षेत्र समेत थप जोखिममा परेको उनले गुनासो गरे। उनले भने "केही व्यक्तिले दैनिक एक सयको मात्र पेट्रोल हाल्न आउछन, उनीहरु र पम्पका मजदुर र व्यवसायी बिचको जोखिम कति हुन्छ आफै बिचार गर्नुहोस, आफुलाई चाहिने फुल ट्र्याङ्की गरे त ५/७ दिन एउटा मान्छ पुनः पम्पमा आउदैननी।"

आफुलाई आवश्यक पर्ने इन्धन पटक पटक भर्नु भन्दा एकैपटक आफ्नो सवारी साधनको ट्र्याङ्की भरी गरेर संचालन गर्दा आफुहरुलाई समेत जोखिम कम हुने उनको भनाइ छ। महामारीको समयमा नेपाल सरकारले पेट्रोलियम पदार्थ बिक्रीकर्ता ढुवानीकर्ता टयांकर चालक र मजदुर हरुलाई हालसम्म कोरोना विरुद्धको खोप समेत नपाएको उनले गुनासो गरे।

जिल्ला प्रशासन कार्यालयहरुले जारी गरेका निषेधाज्ञाको पूर्णरुपमा पालना गरी घरमै बसेर आफु र अरुलाई पनि बचाउने कार्यमा सहयोग गरिदिनु हुन एशोसियसनले अनुरोध गरेको छ। बिपदको समयमा एशोसियनले आफ्नै कार्यालय पोखरा चाउथेमा निर्माण गरेको आइसोलेसन बेडमा डेरामा परिवार सहित बस्दा अप्ठ्यारो परेको भए प्रयोग गर्न सकिने जनाएको छ।




# रोटरी क्लवहरुको सक्रियतामा संकलन भएको स्वास्थ्य सामाग्री मणिपाल शिक्षण अस्पतालको कोभिड सेन्टरलाई हस्तान्तरण

**पोखरापत्र संवाददाता**
**पोखरा, २ जेठ**

पोखराका ७ रोटरी क्लवहरुको सक्रियतामा संकलन भएको स्वास्थ्य सामाग्रि मणिपाल शिक्षण अस्पतालको कोभिड उपचार सेन्टरमा सहयोग हस्तान्तरण गरिएको छ।

आइतबार अस्पताल परिसरमै पुगेर अक्सिजन बैंक (जीवन आशा) कार्यक्रम संयोजक मिनु श्रेष्ठ कुंवर, स्वास्थ्य सामाग्रि खरिद तथा वितरण संयोजक जितेन्द्र सिग्देल, प्रचार संयोजक अर्जुन खनालले मणिपाल शिक्षण अस्पतालका एच.ओ.डी.मेडिसिन एवं कोभिड उपचार संयोजक अभिशेक मास्केलाई सहयोग हस्तान्तरण गरेका हुन्।



रोटरी क्लवहरुले संकलन गरेको एक सय थान पिपिई, २ हजार वटा मास्क, ५ सय वटा ग्लोव, ३ थान अक्सिजन फ्लोमिटर र ३ साथन थर्मगन मणिपाल अस्पतालको कोभिड उपचार सेन्टरलाई सहयोग हस्तान्तरण गरिएको प्रचार संयोजक खनालले जनाए। अस्पतालमा आफुहरुको सहकार्यमा १ सय ४ बेडको कोभिड उपचार सेन्टर स्थापना गरिएको संयोजक कुवंरले बताइन्। अस्पताललाई आवश्यक पर्ने स्वास्थ्य सामाग्रिको साथमा अक्सिजन ग्याँस सिलिण्डर देखि अन्य सामाग्रिहरुको जोहो गर्न आफुहरु कटिवद्ध रहेको उनले जनाइन्। उनले भनिन् "पोखरामा कसैले पनि अस्पतालमा वेड नपाएर घर फर्किन नपरोस त्यसको लागि हाम्रो प्रयास भएको हो, अहिलेको यो महामारीको समयमा सवैले सक्दो सहयोग गर्नु पर्छ।"

अस्पतालमा हाल १४ वटा भेन्टिलेटर सहितको ७८ सिटको कोभिड सिट तयारी अबस्थामा रहे पनि बाँकी वेडमा आवश्यक सामाग्रि जोहो गर्न आफुहरु कटिवद्ध भएको उनले जनाइन्। कोरोनाको दोश्रो लहरको शंक्रमण दर पोखरा क्षेत्रमा समेत हरेक दिन बढ्दै जादा पोखराका ७ रोटरी क्लवले गण्डकी अटो मेकानिकल वर्कशप एसोसिएसन, पोखरा स्टील फेब्रीकेटर्स एसोसिएसन कास्कीको सहकार्यमा अक्सिजन बैंक (जीवन आशा) स्थापना गरेका हुन्। उक्त अभियान अर्न्तगत केही अक्सिजन ग्याँस सिलिण्डर संकलन गरेसंगै अस्पतालमा पुऱ्याईएको कुवंरले जनाइन्। पोखराका ७ वटा रोटरी क्लवहरु रोटरी क्लव अफ पोखरा, रोटरी क्लव अफ लेकसाइड, रोटरी क्लव अफ न्यूरोड, रोटरी क्लव अफ अन्नपूर्ण, रोटरी क्लव अफ फिस्टेल, रोटरी क्लव अफ मिट टाउन र रोटरी क्लव अफ पोखरा लेखनाथ उक्त अभियानमा जुटेका छन्।

# अन्नपूर्ण गाँउपालिकाको कृषिमा आत्मनिर्भर अभियान अर्न्तगत कुरिलाका विरुवा वितरण

**पोखरापत्र संवाददाता**
**पोखरा, २ जेठ**

कास्कीको अन्नपूर्ण गाउँपालिकाले कृर्षिमा आत्मनिर्भर बनाउने अभियान अर्न्तगत स्थानिय कृषकहरुलाई १५ हजार वटा कुरिलाका बिरुवा वितरण गरेको छ।

कोरोनाको कारण गाँउपालिकामा समेत निषेधाज्ञा जारी भएको अबस्थामा पनि आफुहरुले कृषि कर्मलाई निरन्तरता दिदै पहिलो चरणमा १५ हजार वटा कुरिलाका बिरुवा वितरण गरिएको अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष युवराज कुवंरले बताए। मेरी वाशिंङ्टन जातका ३२ हजार वटा कुरिलाका बिरुवा स्थासनय एक नर्सरीमा उत्पादन गरे पनि बाँकी रहेका कुरुलाका बिरुवा पुनः वितरण गर्न सुरु गरीएको उनले जनाए। अन्नपूर्ण गाउँपालिकाले कृषक, कृषि समुह, कृषि सहकारीहरुलाई न्यूनतम १० देखि अधिकत्तम १ हजार वटा कुरिलाका बिरुवा करिब ५० प्रतिशत अनुदानमा उपलब्ध गराएको हो। प्रति कुरिलाका बिरुवाको मुल्य १० रुपैयामा गाँउपालिकाले उपलब्ध गराएको हो।

स्थानिय एक नर्सरीमा उत्पादन भएका कुरिलाका बिरुवा हाल लगाउने समय भएको र त्यसबाट प्रतिफल एक बर्ष पछि हुने भएको अध्यक्ष कुंवरले बताए। राम्रोसंग मलजल पुऱ्याएको खण्डमा प्रति कुरिलाको वोटले ८ देखि १२ हेजीसम्म उत्पादन हुने दाबी गरेका उनले कुरिलाको तरकारी र अचारको रुपमा प्रयोग हुने हुदा यसको बजारमा निकै माग भएको जनाए। बजारमा प्रति केजी कुरिलाको ८ सय देखि १ हजार २ सयसम्ममा बिक्रि हुने गरेको छ।

कुरिलो खादा औषधिको रुपमा समेत काम गर्ने हुदा मानव स्वास्थ्यका दृष्लि समेत लाभदायिक हुने हुदा यसको माग बजारमा धेरै भएको कुंवरले बताए। उनले भने "हाम्रो क्षेत्र पर्यटनको सम्भावना भएकोले गर्दा हामीले यहाँका कृषकलाई कृषि पर्यटनको माध्यमबाट समेत आर्थिक समृद्धिको बाटो तर्फ डोऱ्याउन व्यवसायीक कुरिलो खेति तर्फ आकषर्ण गरेका हौं।" हालसम्म करिब ५ सय कृषकहरु कुरिलोका बिरुवा वितरण गरिएको अध्यक्ष कुंवरले जनाए। उनले भने " कृषि हाम्रो मुल पेशा हो, उत्पादन गरौं, खाना नफालौं।"

**रक्तदान जीवनदान**
**जीवनदान महादान**

# १८ हजार सिलिन्डर आइपुगे नेपाल

**रासस**
**काठमाडौं, २ जेठ**

सरकारले चीनबाट १८ हजार खाली अक्सिजनका सिलिन्डर नेपाल पुऱ्याएको छ। स्थलमार्ग हुँदै आज १८ हजार सिलिन्डर नेपाल आइपुगेका हुन्।

उपप्रधानमन्त्री तथा कोभिड-१९ सङ्क्रमण व्यवस्था केन्द्रका संयोजक ईश्वर पोखरेलका प्रेस सल्लाहकार गणेश पाण्डेले १८ हजार सिलिन्डर तातोपानी नाकामा आइपुगेको जानकारी दिए। उनका अनुसार तातोपानी नाकामा सिलिन्डर चीन सरकारले हस्तान्तरण गरेपछि काठमाडौं ल्याइनेछ।

सिलिन्डरको अभाव हुन थालेपछि सरकारले चीन सरकारबाट अनुदानमा २० हजार खाली सिलिन्डर ल्याएको हो। यसअघि ४०० सिलिन्डर नेपाल वायुसेवा निगमको वाइडबडी विमानबाट ल्याइएको थियो। अठार हजार आइसकेपछि बाँकी एक हजार ६०० सिलिन्डर पनि जहाजबाट ल्याउने तयारी भइरहेको छ।

यस्तै आजै चीनबाट ५५० अक्सिजन सिलिन्डर नेपाल वायुसेवा निगमको वाईड बडी विमानले ल्याउँदैछ। शनिबार सिलिन्डर ल्याउनका लागि जहाज चीन गएको थियो। शनिबार मात्र ओमानबाट गैरआवासीय नेपाली सङ्घको सहयोगमा ५६० खाली सिलिन्डर आएको थियो।

कोभिड-१९ का सङ्क्रमितको उपचारका लागि अक्सिजन सिलिन्डरको अभाव हुन थालेपछि सरकारले विभिन्न मुलुकबाट सिलिन्डर ल्याउन थालेको हो।

# चलचित्र पत्रकार संघ कास्कीको "क्विक रेस्पोन्स टीम" गठन

**पोखरापत्र संवाददाता**
**पोखरा, २ जेठ**

चलचित्र पत्रकार संघ कास्कीले कोरोना महामारीका समयमा संक्रमित तथा अप्ठेरो अवस्थामा भएका चलचित्र पत्रकारलाई सहयोग गर्ने हेतुले क्विक रेस्पोन्स टिम गठन गरेको छ।

आइतबार भर्चुअल रुपमा बसेको बैठकले अध्यक्ष अरुण गिरीको संयोजकत्वमा सचिव प्रभू अधिकारी, कोषाध्यक्ष अर्पण तिवारी, सह–सचिव सन्तोष बस्याल, सदस्यहरु युनिश गुरुङ र आशिष पूरी रहने गरी ६ सदस्य "क्विक रेस्पोन्स टीम" गठन गरेको हो। क्विक रेस्पोन्स टीमले कास्कीमा संक्रमण भएका चलचित्र पत्रकारको विवरण संकलन गर्ने र अवस्था बुझेर सहयोग गर्ने अध्यक्ष अरुण गिरीले जानकारी गराए। उनका अनुसार सो बारे चलचित्र पत्रकार संघ नेपाल केन्द्रिय समितिलाई समेत जानकारी गराइनेछ। महामारीकाबेलाआपतकालिनस्वास्थ्य कोष स्थापना गर्न संघले विभिन्न सहयोगीदाता र संघसंस्थासँग समन्वय गर्ने उनले बताए। संक्रमण भई अस्पतालमा उपचार गराइरहेका र रकमको अभाव भएका चलचित्र पत्रकारलाई आर्थिक सहयोग गरी संघले उपचारमा टेवा पुर्याउने छ।

बैठकले वर्षेनी जेठ ७ गते मनाउँदै आएको चलचित्र पत्रकारिता दिवस यसपाली भर्चुअल रुपमा मनाउने निर्णय गरेको छ। उक्तदिन प्रदान गरिने "जितप्रसाद द्वा चलचित्र पत्रकारिता पुरस्कार २०७८" पनि कोरोनाकालिन समय साम्य हुनासाथ उचित मिति तोकेर प्रदान गरिने बैठकले निर्णय गरेको छ। यसका अलवा नेपाल पत्रकार महासंघ कास्की सँग आवश्यक समन्वय गरी कोरोनाका कारण समस्यामा परेका पत्रकारलाई चलचित्र पत्रकार संघ कास्कीले समेत सहयोग गर्ने उनले प्रतिबद्धता जनाएका छन्। महामारीका बेला सुरक्षित रही पत्रकारिता गर्न अध्यक्ष अरुण गिरीको आग्रह छ। उनले महामारी रोकथाममा सक्रिय साथ लाग्न प्रदेश सरकार र स्थानिय सरकारलाई समेत अनुरोध गरेका छन्

# भेन्टिलेटर संकलन अभियानले अस्पतालबाट सेवा सुरु

**पोखरापत्र संवाददाता**
**पोखरा, २ जेठ**

पोखरेलीकै अभियानमा सुरु भएको भेन्टिलेटर संकलन अभियान अर्न्तगत प्रयाप्त रकम संकलन नभएकोले गर्दा हाल एक भेन्टिलेटर र ३ वटा हाई फ्लो नजल क्यानुल पोखराकै अस्पतालबाट सेवा संचालनमा आएको छ।

आफुहरुले अपेक्षा गरे अनुसारको रकम संकलन नभएको हुदा एक भेन्टिलेटर, ३ वटा हाई फ्लो (नजल) र एउटा अक्सिजन कन्सन्टेटर मात्र जोहो गर्न आफुहरु सफल भएको नेपाल भेन्टिलेटर सर्भिस कास्कीका अध्यक्ष विश्वशंकर पालिखेले बताए।

उनले भने "हामीले पोखरामा भेन्टिलेटर अत्यावशयक भएको महशुस गरेर एउटा अभियान सुरु मात्र गरेका थियौं जसमा गण्डकी प्रदेश र पोखरा महानगरपालिकाबाट समेत सहयोगको अपेक्षा गरेका थियौं तर सोचे अनुरुप सहयोग प्राप्त न भएर हाम्रो अभियान केही समय पछि रोकिएको हो।" हाल संस्थामा रहेको उक्त भेन्टिलेटर र हाई फ्लो( नजल) पोखराको मेडि प्लसमा अत्यावसेक भएकोले आफुहरुले प्रयोग गर्न दिएको अध्यक्ष पालिखेले जनाए। पोखराका कुनै पनि अस्पतालमा आफुहरुसँग भएको भेन्टिलेटर तथा हाई फ्लो(लोजल) संचालन गर्न दिने भएको उनले जनाए। त्यसै गरी सरकारी अस्पतालमा दैनिक क्यानुल प्रयोग गरे वापत ३ सय सामुदायिक अस्पतालमा ५ सय र निजी अस्पतालमा ७ सय रुपैशा शुल्क निर्धारण गरिएको सचिव रामकृष्ण ज्ञवालीले जनाए। रोटरी इन्टरनेशनल क्लब ३२९२ का पूर्व डिष्टिक गभर्नर किरणलाल श्रेष्ठले क्लवको पहलमा भेन्टिलेटर सहितको अन्य सामान खरिदमा ५० प्रतिशत छुटमा उपलब्ध गराउने दाबी गरेका छन्।

## ६० प्रतिशतले...

पुगेको जनाईएको छ। "गत वर्षको बन्दाबन्दी पछि धेरै क्षेत्रलाई सरकारले अनुदान र राहत उपलब्ध गरायो तर दुग्ध क्षेत्रले आजसम्म कुनै पनि राहत तथा सहयोग पाएको छैन। सरकारी सहयोग नहुँदा धेरै व्यवसायी तथा किसानको आकर्षण घट्दो रहेको छ", उनले भने। उनका अनुसार सरकारले हाल उत्पादन क्षेत्रमा आकर्षण बढाउनु पर्नेमा किसान तथा व्यवसायीलाई निरुत्साहन गरेपछि भविष्यमा यसको ठूलो असर पर्ने देखिएको छ।

महासचिव दाहाल नेपाल राष्ट्र बैंकले तोके अनुसारको ५ प्रतिशत छुटमा रु पाँच करोडसम्म कर्जा पाउँदा धेरै राहत भएको बताउँनुहुन्छ। "बन्दाबन्दीले हामीहरू व्यवसायबाटै पलायन हुने अवस्थामा पुगेका थियौं, अन्य क्षेत्रमा कर्जा पाउँन समस्या भएता पनि डेरी उद्योगीहरूलाई बैंकले खोजीखोजी कर्जा उपलब्ध गराउँदा धेरै सहज भएको थियो", उनले भने

डेरी एशोसिएसनको तथ्याङ्कअनुसार नेपालमा दैनिक ६२ लाख लिटर दूध उत्पादन हुने गरेकामा औपचारिक क्षेत्रमा १७ प्रतिशत र अनौपचारिक क्षेत्रमा ३३ प्रतिशत खपत हुँदै आएको छ भने कृषक स्वयंले ५० प्रतिशत उपभोग गर्ने गरेका छन्।


## जनहितमा जारी जरूरी सूचना

पछिल्लो समय वन क्षेत्र आसपासको गाउँबस्तीमा बाघ, भालु, चितुवाजस्ता वन्यजन्तुले आक्रमण गरी मानवीय तथा पशुधनको क्षति गरेको हुँदा विशेष गरी सूर्योदय पूर्व बिहानको समय र सूर्यास्त पछिको झिसमिसेसाँझमा आफू र आफ्ना बालबच्चाको सुरक्षाको लागि उच्च सतर्कता अपनाई साँझको समयमा बालबच्चालाई एक्लै नछाडि दिनु भई सम्भावित क्षति हुनबाट जोगिन, जोगाउनुहुन अनुरोध गरिन्छ। साथै वन क्षेत्रमा घाँस, दाउरा,पात, स्याउला, सोत्तर लगायतका वन पैदावार संकलन गर्न जाँदा एक्लै आफूखुशी हिँडडुल नगर्न नगराउनु हुन र घर आसपासका झाडी सफा गरी साँझको समयमा घर बाहिर बत्ती उज्यालो पारी राख्न समेत अनुरोध छ।

**अनुरोधक**
**प्रदेश सरकार**
**उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय**
**गण्डकी प्रदेश, पोखरा**
**सम्पर्क नः** ०६१–४६७६५४, ०६१–४६७६६९, ०६१–४६७६७०
**इमेलः** moitfe4@gmail.com

**स्वास्थ्य नै ठूलो धन हो।**
**कोभिड-१९ को संक्रमणबाट आफू बचौं र अरुलाई पनि बचाऔं, अत्यावश्यकीय सेवा प्रवाह गर्दा निम्न कुरामा ध्यान दिऔं।**

- अनिवार्य रुपमा मास्क लगाऔं, सेवाग्राहीलाई अनिवार्य रुपमा मास्क लगाउन सु-सूचीत गरौं।
- सेवा प्रवाह भौतिक दुरी कायम गरौं।
- साबुन पानीले मिचीमिची हात धुने गरौं वा सेनिटाइजरको प्रयोग गरौं।
- कुनै पनि स्वास्थ्य समस्या भएमा नजिकैको स्वास्थ्य संस्थामा तुरुन्त सम्पर्क गरौं।

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता**: अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग**: छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

**महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार**

**जाँच्ने समयः** प्रत्येक दिन बिहान ९ः०० बजेदेखि बेलुकी ५ः०० बजेसम्म

**सम्पर्क स्थान :**
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१–५८२५०८, ०६१–५७०६५१, ०६१–५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
– कालीदास

## सम्पादकीय

# एमाले विवाद मिलाउने कार्यदल

सर्वोच्च अदालतले २०७७ फागुन २३ गते तीन वर्ष अगाडि २०७५ जेठ ३ गते तत्कालीन नेकपा एमाले र माओवादी केन्द्र मिलेर गठन भएको नेकपा बदर पछि दुवै दल पहिलेकै अवस्थामा फर्केका छन। सर्वोच्चले एमाले र माओवादी केन्द्रलाई ब्युँताइदिएपछि २०७७ फागुन २३ अघि दुई पार्टी जस्तै देखिएका एमालेका नेताहरूमा समस्या छ। एमालेमा बरिस्ठ नेता माधवकुमार नेपाल पक्षले समानान्तर गतिविधि चलाएको कारण विश्वासको संकट छ। तीन वर्ष अघिको कमिटीमा फर्काउनु पर्ने बरिस्ठ नेता माधवकुमार नेपालको माग संबोधन गर्न र माओवादी केन्द्र छाडेर एमालेमा समाहित भएका नेता कार्यकर्ताको एकताको तीन वर्ष नपुग्दै गत फागुन २३ गतेको अवस्थामा आइपुग्दा नेकपा जेट 'क्र्यास' भयो।

व्यावहारिक रूपले पुस ५ र त्यो भन्दा अगाडिदेखि नै नेकपा एकता खल्बलिए पनि सर्वोच्च अदालतको आदेशले पुरानै पार्टी ब्युँताइदिएपछि नेकपा एकता औपचारिक रूपमै भंग भयो। फागुन २३ मा सर्वोच्च अदालतले नेकपा एकता भंग गर्दै साविकका नेकपा एमाले र माओवादी केन्द्र ब्युँताइदिएपछि एमालेमा विवादको नयाँ शृंखला शुरू भएको हो। फागुन २८ मा माधव नेपाल पक्षको उपस्थिति नरहेको बैठकबाट केही निर्णय गर्दै अगाडि बढेको संस्थापन पक्षले पछाडि फर्किन नसकिने बताउँदै आएको छ। खासगरी नेकपाभित्र ओलीलाई कर्नरमा पारिएको समयमा साथ दिएका रामबहादुर थापा, टोपबहादुर रायमाझी र लेखराज भट्टलगायत पूर्वमाओवादी खेमाका नेताहरूको व्यवस्थान कसरी गर्ने भन्ने विषय एमालेलाई जेठ २ गते फर्काउन तगारो बनेका छन। अध्यक्ष ओली आफूलाई अप्ठ्यारो परेको समयमा साथ दिएका पूर्वमाओवादी नेतालाई पार्टीभित्र सम्मानजनक स्थान दिन खोजिरहेका छन्।

ओली पक्षले विस्तार गरेको स्थायी कमिटीमा बादललाई वामदेव गौतम र ईश्वर पोखरलले पछिको चौथो स्थानको वरीयता दिइएको थियो। फागुन २८ मा संस्थापन पक्षले महाधिवेशनबाट निर्वाचित पदाधिकारी हटाएर महाधिवेशन आयोजक कमिटी गठन गर्ने निर्णयपछि वरिष्ठ नेता झलनाथ खनाल-माधव नेपाल पक्षले चैत्र ४ र ५ गतेका लागि कार्यकर्ता भेलाको आयोजना गऱ्यो। सो कार्यकर्ता भेला रोक्न अध्यक्ष ओलीले माधव नेपाल पक्षसँग चैत १ गते पार्टी केन्द्रीय कार्यालय धुम्बाराहीमा छलफल गरे। महासचिव ईश्वर पोखरेलले विज्ञप्ति प्रकाशित गरेर कार्यकर्ता भेला गर्नु पार्टी विभाजन गरेसरह हुने बताए। तर, माधव नेपाल पक्षले कार्यकर्ता भेला रोकेन। 'पार्टीको ब्यानरमा समानान्तर भेला' गरेको भन्दै संस्थापन पक्ष रुष्ट भयो। चैत १० गते बसेको केन्द्रीय कमिटी (महाधिवेशन आयोजक कमिटी) को बैठकमार्फत माधव नेपाल पक्षका ४ जना नेपाल, भीम रावल, घनश्याम भुसाल र सुरेन्द्र पाण्डेमाथि स्पष्टिकरण सोधियो। चित्तबुझ्दो जवाफ नदिएको भन्दै नेपाल लगायत नेताहरू ६ महिनाका लागि निलम्बनमा परे। विवाद लम्बिँदै जाँदा संस्थापन पक्षले माधव नेपाल पक्षका ३० जना सांसदलाई स्पष्टिकरण सोध्यो। नपाल पक्षले स्पष्टीकरण दियो। विवाद समाधान नभएपछि नेपाल पक्षका सांसदहरूले राजीनामा दिने चर्चा समेत चल्यो। आज, भोलि भन्दै अल्टिमेटम दिएको नेपाल पक्ष 'कुल' भएर राजीनामा टऱ्यो। तर नाटकीय रूपमा भएका घटनाक्रमले एमाले विवाद फेरि समाधानउन्मुख भयो। नेपाल पक्ष पछिल्लो दिनमा भएका छलफलमा 'जेठ २' मै फर्किने सहमति जुटेको बताउँछन्।

चार दिनअघि ओलीलाई विस्थापित गर्न सांसद पदबाट राजीनामा गर्नुपर्छ भनेर सामाजिक सञ्जाल ट्वीटरमा सन्देश लेखेका भीम रावल नै सहमतिका लागि गठित कार्यदलमा एउटा पक्षको संयोजक बनेका छन। अध्यक्ष ओलीको चर्को आलोचना गर्ने रावल र मेलमिलाप र एकताको पक्षमा उभिने संसदीय दलका उपनेता सुभाष नेम्वाङ संयोजक रहेको कार्यदलको हस्तक्षेपकारी भुमिका आबश्य छ। प्रधानमन्त्री कार्यालय सिंहदरबारमा आइतवार बसेको बैठकले दुवै पक्षका पाँच-पाँचजना रहेको कार्यदल गठन गरेको छ। कार्यदलमा अध्यक्ष ओलीका तर्फबाट विष्णु पौडेल, सुवास नेम्वाङ, प्रदीप ज्ञवाली, शंकर पोखरेल र विष्णु रिमाल छन्। यस्तै नेपालका तर्फबाट भीम रावल, गोकर्ण विष्ट, घनश्याम भुसाल, सुरेन्द्र पाण्डे र रघुजी पन्त छन्। कार्यदललाई तीन दिनभित्र सहमति गर्नको लागि समय दिइएको छ।

जेठ २ गतेको अवस्थामा फर्किँदा एमाले नवौं महाधिवेशनबाट निर्वाचित पदाधिकारी, स्थायी कमिटी, पोलिटब्युरो र केन्द्रीय कमिटी सहितका जनवर्गीय संगठन र जिल्ला कमिटी ब्युँतिने छन्। नवौं महाधिवेशनबाट अध्यक्षमा केपी ओली, उपाध्यक्षमा वामदेव गौतम, भीम रावल, युवराज ज्ञवाली र अष्टलक्ष्मी शाक्य विजयी भएका थिए। उपाध्यक्षमा निर्वाचित विद्यादेवी भण्डारी भने राष्ट्रपति निर्वाचित भएपछि एउटा उपाध्यक्ष पद खाली गुरुङ सचिव थिए। तर, पूर्व माओवादी पक्षबाट आएका प्रभावशाली नेताहरूलाई कता समायोजन गर्ने भन्नेमा अझ सहमति जुटेको छैन। सोही विषयमा सहमति जुटाउनका लागि कार्यदल गठन गरिएको छ।

# रोगभन्दा भोकको पिरलो

– ध्रुवसागर शर्मा
बागलुङ, २ जेठ

गण्डकी प्रदेशमै कोरोनाको 'हटस्पट' बन्दै गएको हिमाली जिल्ला म्याग्दीका कृषकहरू स्वास्थ्य सुरक्षालाई ध्यान दिँदै खेतीपातीको काममा व्यस्त छन्। जिल्लाका ग्रामीण क्षेत्रमा भुसको आगो झैं कोरोना सङ्क्रमण फैलँदै गएको भएपनि काम नगरी नहुने बाध्यता भएकाले सुरक्षा सावधानी अपनाउँदै खेतीपातीको काममा व्यस्त हुनुपरेको किसानहरूले बताएका छन्।

अहिले गाउँमा मकै गोड्ने, धानको बिउ राख्ने र खेतबारीमा मल राख्ने समय भएको छ। खेतीपातीको काम समयमा नै गर्नुपर्ने भएकोले मास्क लगाएर सकेसम्म भौतिक दूरी कायम गरी मकै गोड्न थालेको बेनी नगरपालिका-२ बगरफाँटकी सावित्रा शाहले बताउनुभयो।

दुःख नगरी खान नसकिने भएकाले सुरक्षित रहँदै खेतीपातीमा जुटेको कृषकहरूको भनाइ छ। रोगभन्दा भोक टार्न समस्या हुने भएकोले जोखिम भएपनि सकेसम्मको सावधानी अपनाएर काममा खटिनुपरेको अर्का कृषक टेकबहादुर कार्कीको भनाइरहेको छ। "रोगभन्दा ठूलो भोक रहेछ, परिवार र छोराछोरीको दुईछाक टार्नै भए पनि खेती गर्नुपर्छ, रोगसँग डराएर मात्र पनि त भएन नि !", खबराका कृषक चन्द्रबहादुर कार्कीले भन्नुभयो, "गतवर्ष पनि खेती लगाउने बेलामै कोरोनाले दुःख दिएको थियो,यस वर्ष पनि यस्तै भयो, कोरोनासँग डराएर खेती नगर्ने हो भने त भोकभोकै मर्नुपर्ने दिन आउँछ।" शाह र कार्की मात्र होइन अहिले धेरै कृषकहरू खेतबारीमा व्यस्त छन। "के गर्नु मानो रोपेर मुरी फलाउने बेला हुँदैछ, कोरोना रोगभन्दा हामीलाई परिवारको पेट भर्ने चिन्ताले पिरोल्छ", मङ्गला गाउँपालिका-३ का कृषक युमाकान्त सापकोटाले भन्नुभयो, "गाउँमा भनेजति खेतालो पनि पाइन्नन्, अर्मपर्म नगरी खेती लगाउनै सकिँदैन।" वर्षात्को खेती मौसम शुरु भएसँगै बजारबासीभन्दा गाउँका कृषकलाई बालीनाली लगाउन बढी चटारो छ। कोरोना महामारीको वास्तै नगरी धान, कोदोको बिउ राख्न र मकै गोड्न यहाँका कृषकहरू व्यस्त छन्। कृषिबाट जीविका चलाउने उनीहरूलाई यतिबेला खेतीपाती लगाउन फुर्सद छैन। केही अन्न जोहो नगरी बाँच्ने विकल्प नभएका किसान यतिबेला खेतबारीमा साँझ बिहानै व्यस्त बनेको मङ्गलाका कृषि प्राविधिक जगत बानियाँले बताउनुभयो।

कोरोना भाइरसको दोस्रो लहर शुरु भएसँगै शहरबजार बस्नेहरू पनि धमाधम गाउँ फर्किएका छन्। खेतीपातीको मौसम शुरु भएकाले पनि गाउँ नै उत्तम विकल्प भएको उनीहरू बताउँछन। शहरभन्दा पनि गाउँघर नै सुरक्षित र उत्तम विकल्प भएको धौलागिरि गाउँपालिका-३ मुनाका पुर्म पुनले बताउनुभयो। "कोरोनाले नानीहरूको स्कुल बिदा भयो, यो महामारीमा त गाउँमै काम गर्नु र समय कटाउनु आराम छ,त्यसैले शहरबाट गाउँमा फर्किएका व्यक्तिहरू पनि अहिले खेतीपातीको काममा व्यस्त भएका हुन्", धौलागिरि-३ मुनाका वडाअध्यक्षसमेत रहनुभएका पुनले भन्नुभयो।

खेतीयोग्य जमिनमा वृद्धि, पर्याप्त सिँचाई तथा रोग र किराको प्रकोपमा हटेपछि गत वर्ष म्याग्दीमा धान उत्पादन बढेको थियो। दुई लाख २९ हजार ७०६ हेक्टर क्षेत्रफलमा फैलिएको म्याग्दीमा ३० हजार ८५६ हेक्टर जमिन मात्र खेतीयोग्य रहेको कृषि ज्ञान केन्द्र म्याग्दीले जनाएको छ। एकलाख १३ हजार ६४१ जनसङ्ख्या रहेको जिल्लाको ३२ प्रतिशत जनसङ्ख्या पूर्णरूमा कृषिमा आश्रित रहेको भएपनि उनीहरूले व्यावसायिकरूपमा उत्पादन गर्न सकेका छैनन्। सात प्रतिशत जनता व्यावसायिकरूपमा नै कृषि पेसा अँगालेर मनग्गै कमाइ गर्न सफल भएका छन्। गोठेमलको प्रयोग र यस वर्ष पर्याप्त वर्षाले सिँचाइ पुगेकाले पनि किसानलाई समयमै खेती लगाउन धेरै सहज भएको छ। सरकारले महामारीमा स्वास्थ्य मापदण्ड अपनाउन लगाएपनि समयमा नै मल आवश्यक पर्ने किसानलाई मल उपलब्ध गराउन कार्यालयले आवश्यक तयारी गरेको कृषि ज्ञान केन्द्र म्याग्दीले जनाएको छ।

# भारतमा कोभिड-१९ एकै दिन चार हजारको मृत्यु

रासस
काठमाडौं, २ जेठ

कोरोनाभाइरस महामारीको दोस्रो लहरबाट ठूलो मानवीय सङ्कट झेलिरहेको भारतमा विगत २४ घण्टामा थप चार हजार ७७ जनाको मृत्यु भएको छ।

केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयका अनुसार विगत २४ घण्टामा तीन लाख ११ हजार नयाँ संक्रमित भेटिएका छन् भने तीन लाख ६२ हजार संक्रमणमुक्त भएका छन्। शनिबार दैनिक मृत्यु दरमा सामान्य कमी आएर तीन हजार ८९० जनाको ज्यान गएको थियो। भारतमा हालसम्म कोभिड-१९ बाट मृत्यु भएकाको संख्या दुई लाख ७० हजार पुगेको मन्त्रालयले जनाएको छ। मन्त्रालयका अनुसार कोभिड-१९ संक्रमितको कूल संख्या दुई करोड ४६ लाख ८४ हजार पुगेको छ जसमध्ये दुई करोड सात लाख ९५ हजार व्यक्ति संक्रमणमुक्त भएका छन्। भारतमा गत जनवरीमा कोभिड-१९ विरुद्धको खोप लगाउन शुरु गरेको थियो। हालसम्म १८ करोड २२ लाख व्यक्तिलाई खोप दिइएको मन्त्रालयले जनाएको छ। गत मे १ देखि भारत सरकारले १८ वर्षभन्दा माथिको उमेरका सबै व्यक्तिलाई खोप दिने योजना अघि सारे पनि पर्याप्त खोप उपलब्ध नहुँदा सहज रुपमा खोप अभियान अघि बढ्न सकेको छैन। भारतमा संक्रमित व्यक्तिको संख्या दैनिक तीन लाखभन्दा बढी नै देखिए पनि भारत सरकारले देशव्यापी लकडाउन गर्न अस्वीकार गरेको छ। तर संक्रमित अत्यधिक देखिएका दिल्ली, मुम्बई समेतका शहरमा राज्य सरकारले लकडाउन, प्रतिबन्ध, कर्फ्यु लगाएका छन्।

हाल, कोभिडको ठूलै सङ्कट सामना गरिरहेको भारतमा हाल अक्सिजनको आपूर्ति समेतका अत्यावश्यक औषधि र अन्य स्वास्थ्य सेवाको चरम अभाव भएको छ। यसैबीच, विश्व स्वास्थ्य संगठनले विश्वभर कोभिड-१९ को संक्रमणबाट मृत्यु हुनेको संख्या ३३ लाख ८३ हजार पुगेको जनाएको छ। हालसम्म सर्वाधिक प्रभावित संयुक्तराज्य अमेरिकामा पाँच लाख ९९ हजार तथा दोस्रो स्थानमा रहेको ब्राजिलमा चार लाख ३४ हजारको मृत्यु भएको छ।

# उद्योग वाणिज्य संघद्वारा सहयोग

पोखरापत्र संवाददाता
तनहुँ, २ जेठ

तनहुँ उद्योग वाणिज्य सङ्घले खडा गरेको कोभिड सङ्कट व्यवस्थापन महाअभियान कोषमा रु पाँच लाख भन्दा बढी सङ्कलन भएको छ। महामारीम खटिएका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, जनप्रतिनिधि, निजामति कर्मचारी, स्वयंसेवी लगायत सबैको उत्साह, आत्मबल र सेवाको भावना अभिवृद्धि गर्न, सामूहिक आइसोलेशन कक्ष निर्माणमा सङ्घ जुटेको छ। यसैगरी स्वास्थ्य सामग्री व्यवस्थापनका लागि खडा गरिएको कोषमा छोटो समयमै रु पाँच लाख १२ हजार ४१६ सहयोग जुटेको सङ्घका अध्यक्ष पविन्द्रकुमार श्रेष्ठले जानकारी दिनुभयो।

# स्रष्टा कार्कीको निधन

रासस
काठमाडौं, २ जेठ

कवि, उपन्यासकार एवं चलचित्रकर्मी चेतन कार्कीको आइतबार बिहान निधन भएको छ। स्वास्थ्यमा समस्या भएर चार दिनअघि छाउनीस्थित सैनिक अस्पतालमा भर्ना हुनुभएका कार्कीको ८४ वर्षका उमेरमा मृत्यु भएको हो।

साहित्यकार मुरारी सिग्देलले भन्नुभयो, "केही दिनअघि उहाँलाई गाह्रो भएर कोरोना परीक्षण गराउँदा नतिजा पोजेटिभ आएको थियो तर चार दिनअघि उहाँको मुटुमा समस्या भएर अस्पताल लाँदा आज स्वार्गारोहण भयो।"

विसं १९९५ कात्तिक २२ गते स्याङ्जा आरुखर्कमा जन्मनुभएका कार्कीले नेपाली, हिन्दी तथा अङ्ग्रेजी र उर्दू भाषामा थुप्रै कृति प्रकाशन गर्नुभएको बताइएको छ। उहाँका 'आत्मा बेचेको छैन', 'हनिमुन' 'ढलेको गिलास' र 'कल्पना टुट चुकी है', लगायत उपन्यास, 'जुन निदाउन थाल्यो' र 'मायाप्रीतिको चोखो कथा' गीतसङ्ग्रह, 'हत्केलाले सधैँ सूर्य छेकिँदैन', मुक्तकसङ्ग्रह, 'हो देश मेरो पनि गजलसङ्ग्रहलगायत कृति प्रकाशित छन्। कार्कीले 'विश्वास', 'भुमरी', 'पहिलो प्रेम' चलचित्र निर्देशन गर्नुभएको छ। कार्कीका चर्चित गीतमा 'तीजको रहर आयो बरी लै', 'कान्छी हे कान्छी', 'बोलाऊँ भने लेक स्वार पुग्दैन, बोलाइरहन हुँदैन', 'बुझ्नै सकिनौ आँखाको भाका मेरो', 'बहिनीको दया छ भने रोधी घर दाइ नाच्यो नभन' आदि छन्।

# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : सम्मान मिल्नेछ |
| वृष | : झमेला बढ्ने | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : शारिरीक झमेला |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : मानसिक तनाब |
| सिंह | : मन चञ्चल | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : आर्थिक समस्या | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।

# Phedikhola Rural Municipality
## Office of Rural Municipal Executive
## Phedikhola, Syangja
## Gandaki Province, Nepal

**Date of publication: 17-05-2021**

1. The Phedikhola Rural Municipality, Phedikhola, Syangja has allocated funds to cover eligible payment under the Contract for Procurement of Supply and Installation of 4 WD Right Hand Drive model Ambulance with 4 Stroke water cooled diesel Engine to the Phedikhola Rural Municipality (in Customs exemption or Free of Customs Process), Contract ID:PRM-G-SQ-PV-69-077-78. Bidding is open to all eligible Nepalese Bidders. The Estimated Cost of the Vehicle is NRs. 1,429,500.00 (Including VAT and PS but without Customs charge).
2. The Phedikhola Rural Municipality invites sealed and or electronic bids from eligible bidders for the procurement of Supply and Installation of 4 WD Right Hand Drive model Ambulance with 4 Stroke water cooled diesel Engine to the Phedikhola Rural Municipality (in Customs exemption or Free of Customs Process) under Contract ID:PRM-G-SQ-PV-69-077-78 under Sealed Quotation procedures specified in Public Procurement Act and Regulations.
3. Eligible Bidders may obtain further information and inspect the Bidding/Sealed Quotation Documents at the office of Rural Municipal Executive,Phedikhola Rural Municipality, Phedikhola, Syangja, Gandaki Province, Nepal or may visit PPMO egp system website www.bolpatra.gov.np/egp.
4. A complete set of Bidding Documents may be purchased from the Office ofRural Municipal Executive,Phedikhola Rural Municipality, Phedikhola, Syangja, Gandaki Province, Nepal by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs 1000.00 till 31-05-2021 during office hours.OrA complete set of Bidding Documents may be downloaded from PPMO egp system website www.bolpatra.gov.np/egp. In e-submission, bidder should deposit cost of bid documents (non-refundable fee of NRs. 1000.00) in following bank account and scanned copy (in PDF Format) of Voucher should be uploaded at the time of bid submission. Information for cost of bid document:Name of the Bank: Prime Bank Ltd. , Phedikhola, Syangja, Name of the Office: Phedikhola Rural Municipality, Account Name: AantarikRajashwaKhata of Phedikhola Rural Municipality, Account No.: 06500308CA
5. Sealed or Electronic bids must be submitted to the office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola, Syangja, Gandaki Province, Nepal by hand or through PPMO website www.bolpatra.gov.np/egp on or before 01-06-2021 12:00. Bids received after this deadline will be rejected.The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 01-06-2021 12:30 hours at the Office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola, Syangja, Gandaki Province, Nepal. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. 36,000.00 which shall be valid for 30 days beyond the validity period of the bid.
6. Bidder should submit the brochure, manuals of the vehicle which wants to supply mentioning a) Make, b) Model, c) Country of origin, d) Main Features of proposed vehicle
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

# बागलुङमा विवाहले फैलियो कोरोना

– खेमराज गौतम

बागलुङ, २ जेठ

बागलुङमा अहिले कोभिड-१९ का सक्रिय सङ्क्रमितको सङ्ख्या ७४७ पुगेको छ भने २३ जनाको मृत्यु भएको छ। एक हप्ता अघिसम्म जिल्लामा सक्रिय सङ्क्रमितको सङ्ख्या १०० सेरोफेरो थियो। अहिले सङ्क्रमितको सङ्ख्या ह्वात्तै बढ्नुको कारण सरकारको निर्देशनविपरीत भिडभाड र जमघट भएको स्वास्थ्यकर्मी बताउँछन्।

वैशाख महिना लगनको महिना भएकाले अधिकांशले धुमधामसँग विवाह गर्ने, चौरासी पूजा गर्ने तथा अन्य सामाजिक संस्कारजन्य भोजभतेर गर्ने क्रम तीव्र हुँदा सङ्क्रमण दर डरलाग्दो अवस्थामा पुगेको हो। वैशाखको दोस्रो साता बडिगाड गाउँपालिका-४ मा भोजसहितको विवाह सम्पन्न भएको थियो। संयोग या लेखान्त, त्यसको केही दिनमै कोरोना सङ्क्रमण पुष्टि भएर धौलागिरि अस्पतालमा उपचारकै क्रममा रहेका बेला वैशाख २३ गते विवाह भोज गर्ने परिवारका मुख्य अभिभावकको मृत्यु भयो। परिवारका अन्य सदस्य पनि सङ्क्रमित भएका छन्। थप सहभागीको पिसिआर गर्दा ३१ जनाको स्वाब लिइएकोमा २५ जनामा सङ्क्रमण पुष्टि भयो। यसले सङ्क्रमण बढाउने कारण विवाह रहेको पुष्टिसमेत गर्दछ।

अन्ततः कोरोनाकै कारण बडिगाडका एकै परिवारका चार जनाको मृत्यु भएको छ। सङ्क्रमणबाट बाबाको मृत्यु भएको एक सातापछि दुई छोराको सङ्क्रमणकै कारण मृत्यु भएको हो। वैशाखको दोस्रो साता आयोजना गरिएको विवाह भोजका कारण नै यस्तो घटना भएको स्थानीयवासीसमेत बताउँछन्।

धौलागिरी अस्पतालमा उपचाररत बडिगाड-४ का ४० वर्षीय पुरुषको बिहीबार राति मृत्यु भयो। मृतकका ८७ वर्षीय बुबाको यसअघि सोही अस्पतालमा वैशाख २३ गते उपचारका क्रममा मृत्यु भएको थियो। उहाँकै परिवारको अर्को ५२ वर्षीय छोराको उपचारका क्रममा पोखरास्थित गण्डकी मेडिकल कलेजमा बिहीबार रातिनै मृत्यु भएको छ। यस्तै शनिबार परिवारकै सदस्य ५३ वर्षीया महिलाको समेत धौलागिरि अस्पतालमा मृत्यु भएको छ। अधिकांश सङ्क्रमित भिडभाडमा गएको र स्वास्थ्य सुरक्षा मापदण्ड नअपनाएका कारण बडिगाड-४ मा अत्यधिक मात्रामा सङ्क्रमण दर बढेको गाउँपालिकाका स्वास्थ्य शाखा संयोजक चूडामणि कँडेलले बताउनुभयो। यद्यपि सरकारले जारी गरेको स्वास्थ्य सुरक्षा मापदण्ड पालना गर्न गराउन स्थानीय प्रहरी प्रशासन सक्रिय थियो। यस क्रममै लापरवाही गरेको भन्दै विवाहमा धेरै जन्ती लगेपछि बागलुङ नगरपालिका-८ सिगानाबाट वैशाख २२ गते बेहुलाका बुबासहित जिल्ला प्रहरी कार्यालयले जन्ती गएको तीन सवारी नियन्त्रणमा लिएको थियो। सात जनामात्रै विवाहमा सहभागी गराउन पाइने व्यवस्था सरकारले गरेको छ तर दुलाहा पक्षले झण्डै ३०० जन्ती लगेको थियो।

त्यसपछि सिगानामा केही मानिसमा कोरोना भाइरसको लक्षण देखिएकाले स्वाब सङ्कलन गर्दा ९० प्रतिशत विवाह, भोजभतेर तथा पूजाआजामा सहभागी भएकामा कोरोना देखिएको बागलुङ-८ सिगानाका वडाध्यक्ष राजन जिसीले बताउनुभयो। सिगानामा शनिबार आएको रिपोर्टअनुसार २६ जनाको परीक्षणमा १५ जनामा सङ्क्रमण फैलिएको छ। "जिल्लामा सङ्क्रमणको दर तीव्ररूपमा फैलनुमा विवाह, भोजभतेर तथा पूजाआजा हो", जिसीले भन्नुभयो, "सरकारले मात्रै गरेर हुँदैन, नागरिक सचेत नभएसम्म समस्या हुन्छ, राज्यको नियम उल्लङ्घन हुँदा समस्या हुन्छ।" जिल्लाको ताराखोलामा समेत विवाह भोजकै कारण कोरोना बढी फैलिएको पाइएको छ। जिल्लामा कोरोनाको दोस्रो लहर शुरु भएर सङ्क्रमण तीव्र फैलिन थालेपछि आगामी जेठ १५ सम्म निषेधाज्ञा गरिएको छ। कोरोना बढ्नुको मुख्य कारण सामाजिक संस्कारजन्य कार्य भएकाले अब सबै सचेत र गम्भीर बन्नुपर्ने प्रमुख जिल्ला अधिकारी शिवकुमार कार्की बताउनुहुन्छ।

"कोरोना सङ्क्रमण फैलिँदो क्रममा छ, स्वास्थ्य सुरक्षा मापदण्ड पालना गरिदिनुस् भनेर बारम्बार निर्देशन र अनुरोध गरिरह्यौँ तर नागरिकले बेवास्ता र लापरवाही गर्दै भिडभाड हुने कार्य गरेकैले अहिले डरलाग्दो अवस्था आएको छ", प्रजिअ कार्कीले भन्नुभयो, "अब जेठ १ गतेदेखि विवाह घरमै सीमित राख्न निर्देशन गरिएको छ, अटेरी गरेमा तुरुन्तै कारबाही गरिनेछ।"

# बेनी अस्पतालमा अक्सिजन बैंक

पोखरापत्र संवाददाता

म्याग्दी, २ जेठ

म्याग्दीको बेनी अस्पतालमा अक्सिजन बैंक स्थापना भएको छ। अस्पताल परिसरमा सञ्चालित अक्सिजन प्रशोधन केन्द्रलाई बैंकका रूपमा परिणत गरिएको हो।

अस्पताल व्यवस्थापन समितिका अध्यक्ष बेलबहादुर कटुवालले तीव्ररूपमा फैलिएको कोरोना भाइरसका सङ्क्रमितको उपचारमा अक्सिजन अभाव हुन नदिन सिलिण्डर सङ्कलन गर्न थालिएको बताउनुभयो।

"विभिन्न सङ्घसंस्था, कम्पनी र उद्योगसँग भएका अक्सिजन सिलिण्डर सङ्कलन गरेर एकद्वार प्रणालीबाट कोरोना सङ्क्रमितको उपचारका लागि उपलब्ध गराउन बैंक स्थापना गरिएको हो", उहाँले भन्नुभयो, "अक्सिजन बैंकमा विभिन्न क्षेत्रबाट खाली र भरिएका सिलिण्डर सङ्कलन भइरहेको छ।" जिल्ला प्रहरी कार्यालयले बेनी बजारका विभिन्न ठाउँबाट २२ वटा अक्सिजन सिलिण्डर सङ्कलन गरेर बेनी अस्पताललाई उपलब्ध गराएको प्रहरी नायब उपरीक्षक श्यामकुमार राईले बताउनुभयो। आठवटा पसल, ग्यारेज तथा उद्योगमा रहेका १२ वटा भरिएको र १० वटा खाली सिलिण्डर सङ्कलन गरेर हस्तान्तरण गरिएको प्रनाउ राईले बताउनुभयो। कोरोना महामारीको अवस्था सहज भएपछि सम्बन्धित व्यक्तिलाई फिर्ता गर्ने गरी सबै प्रक्रिया पूरा गरेर अक्सिजन सिलिण्डर सङ्कलन गरिएको छ। नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी रघुगङ्गा हाइड्रो लिमिटेडद्वारा सञ्चालित राहुघाट जलविद्युत् आयोजनाले बेनी अस्पताललाई २० थान सिलिण्डर उपलब्ध गराएको छ। व्यक्तिका घर तथा पसलमा प्रयोगविहीन अवस्थामा रहेका सिलिण्डरसमेत उपलब्ध गराउन अपिल गरिएको छ। कोरोनाका सङ्क्रमितको सङ्ख्या बढेसँगै देशभर अक्सिजनको अभावमा उपचार प्रभावित बनेको छ। म्याग्दीमा पनि अक्सिजन अभावको अवस्था आउन नदिन अक्सिजन सिलिण्डर सङ्कलन र भरेर राख्ने व्यवस्था मिलाइएको प्रमुख जिल्ला अधिकारी गणेशबहादुर अधिकारीले बताउनुभयो। म्याग्दीमा करिब ३०० थान अक्सिजन सिलिण्डर भएको अनुमान छ। बेनी अस्पतालसँग ५४ थान सिलिण्डर थियो। अस्पताल व्यवस्थापन समितिका अध्यक्ष कटुवालका अनुसार २५ वटा सिलिण्डर रिफिल गर्न (भर्न) पठाइएको छ। अस्पतालको ३० वटा शय्यामा अक्सिजन उत्पादन केन्द्रबाट पाइपमार्फत सिधै अक्सिजन पठाउने व्यवस्था मिलाइएको छ। प्रदेश सरकारले चालु आर्थिक वर्षमा उपलब्ध गराएको रु १० लाख बजेटले प्लान्टबाट अस्पतालको शय्यामै अक्सिजन पुऱ्याउन पाइपलाइन जडान गरिएको छ। प्लान्टले एक दिनमा १५ वटासम्म सिलिण्डरमा अक्सिजन भर्न सक्ने क्षमता रहेको अस्पतालका प्रमुख जितेन्द्र कँडेलले बताउनुभयो। अस्पतालमा सामान्य अवस्थामा दैनिक २० देखि २५ श्वासप्रश्वाससम्बन्धी समस्या भएका बिरामी आउँछन्। हावालाई प्रशोधन गरेर अक्सिजनलाई सिलिण्डरमा भर्न मिल्ने उपकरण जडान गरिएको छ।

एकपटकमा तीनवटा सिलिण्डरमा अक्सिजन भर्न सकिन्छ। अक्सिजन उत्पादन केन्द्रको पूर्वाधार निर्माण र औजार खरिद तथा जडान गर्न रु ६३ लाख खर्च भएको छ। सामाजिक विकास मन्त्रालयले गत आर्थिक वर्षमा रु ७५ लाख बजेट पठाएकामा प्रतिस्पर्धामार्फत रु ४३ लाखमा अक्सिजन उत्पादन गर्ने उपकरण खरिद गरिएको थियो।

सङ्घीय सांसद भूपेन्द्र थापाको सिफारिसमा स्थानीय पूर्वाधार साझेदारी कार्यक्रममार्फत रघुगङ्गा गाउँपालिकाले दिएको रु १४ लाख र अस्पतालको रु एक लाख ४० हजारमा सिलिण्डरमा अक्सिजन भर्ने बुस्टर मेसिन किनेर प्लान्ट सञ्चालनमा ल्याइएको छ।

# गोरखा वेलफेयरद्वारा नगरपालिकालाई स्वास्थ्य सामग्री हस्तान्तरण

पोखरापत्र संवाददाता

तनहुँ, २ जेठ

गोरखा वेलफेयर ट्रष्ट नेपाल/ग्रामीण खानेपानी तथा सरसफाइ कार्यक्रमको तर्फबाट व्यास नगरपालिकालाई स्वास्थ्य सामग्री सहयोग गरिएको छ। नगरपालिकाले कृषि विकास बैङ्कको भवनमा सञ्चालन गरेको आइसोलेशनका लागि उक्त संस्थाले विभिन्न स्वास्थ्य सामग्री सहयोग गरेको हो। उक्त सामग्री वेलफेयर ट्रष्ट नेपाल पोखराका निर्देशक दिपक श्रेष्ठले नगरप्रमुख वैकुण्ठ न्यौपानेलाई हस्तान्तरण गर्नुभएको छ।

उक्त सामग्री रु एक लाख ३८ हजार मूल्य बराबरको रहेको नगरपालिकाले जनाएको छ। उक्त संस्थाले ३० थान पिपिई, एक सय ५० थान एन९५ मास्क, दुई हजार थान सर्जिकल मास्क, एक हजार थान पञ्जा, ६० थान फेसशिल्ड, पाँच सय मिलिलिटर क्षमताको २० वटा स्यानीटाइजर, पाँच लिटरको चार वटा स्यानीटाइजर, मेडिकल गाउन ५० थान, थर्मल गन दुई थान, गमबुट आठ थान, हाइजिन किट ६० थान, सेफ्टी ज्याकेट ८ थान लगायतका सामग्री सहयोग गरेको नगरपालिकाले जनाएको छ।

कोरोना भाइरस रोकथाम तथा नियन्त्रणका लागि संस्थाले गरेको सहयोग अतुलनीय रहेको नगरप्रमुख न्यौपानेले बताउनुभयो। कृषि विकास बैङ्कको भवनमा नगरपालिकाले ५० शय्याको आइसोलेशन तयारी गरेको छ। आइसोलेशनमा अक्सिजनको व्यवस्थापन भइसकेको छ।

आइसोलेशन व्यवस्थापनका लागि नगरपालिकाको स्वास्थ्य शाखाको टिम दिनरात नभनी लागिरहेको छ। आइसोलेशनमा स्वास्थ्य सामग्रीदेखि अक्सिजन सिलिन्डरसम्मको व्यवस्थापनका लागि स्वास्थ्य शाखा प्रमुख प्रमोद सोती आफै खटिनुभएको छ। नगरवासीको जीवन रक्षा गर्नु दायित्व भएकाले जोखिमको समयमा दिनरात नभनी काम गरिरहेको सोतीले बताउनुभयो।

# ७५० पत्रकार कोरोना भाइरसबाट संक्रमित

रासस

काठमाडौं, २ जेठ

हालसम्म ७५० भन्दा बढी पत्रकार कोरोना भाइरसबाट सङ्क्रमित भएका छन्। कोरोनाकै कारण हालसम्म १३ पत्रकारको निधन भएको नेपाल पत्रकार महासङ्घले जनाएको छ। पछिल्ला केही दिनयता कोरोना सङ्क्रमणको दर बढिरहेको सन्दर्भमा कोरोना सङ्क्रमणको चुनौतीपूर्ण अवस्थामा महासङ्घले सम्भावित जोखिमको ख्याल गरी सम्पूर्ण स्वास्थ्य सुरक्षाका उपाय अवलम्बन गर्दै पेशागत कर्ममा जुट्न सबै पत्रकारमा अपिलसमेत गरेको छ।

महासङ्घले च्यानल नेपाल प्रतिष्ठान शाखाका अध्यक्ष शान्तिराम कार्कीको कोरोना सङ्क्रमणका कारण ३४ वर्षको अल्पायुमै भएको असामयिक निधनप्रति दुःख व्यक्त गरेको छ। महासचिव रोशन पुरीले आज विज्ञप्ति जारी गरी स्व पत्रकार कार्कीप्रति श्रद्धाञ्जलि अर्पण गर्दै दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्नुभएको छ।

गत वैशाख १९ गते कोरोना सङ्क्रमण पुष्टि भएपछि सोही दिनदेखि काठमाडौंको स्वयम्भूस्थित मनमोहन मेमोरियल अस्पतालमा उपचार भइरहेको कार्कीको स्वास्थ्यमा थप समस्या आएपछि वैशाख २३ गतेदेखि भेन्टिलेटरमा राखी उपचार भइरहेको थियो। चौध दिनदेखि उपचाररत कार्कीको शनिबार साँझ ८:०० बजे उपचारका क्रममा निधन भएको हो। झापाको साबिक दोरामारी गाविस निवासी कार्की विगत डेढ दशकदेखि काठमाडौंमा रही पत्रकारितामा सक्रिय हुनुहुन्थ्यो।

## प्रदेश सरकार
## सामाजिक विकास मन्त्रालय
## प्रदेश संग्रहालय पोखरा
## गण्डकी प्रदेश, नेपाल

## आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७८/०२/०३**

यस कार्यालयको सूचना नं. PM/Kaski/W/R/02/077-78 मिति २०७७/१२/१९ गतेको पोखरा पत्र राष्ट्रिय दैनिक तथा www.bolpatra.gov.np/egp मार्फत प्रकाशित बोलपत्र आह्वानको सूचना बमोजिम प्राप्त बोलपत्रहरुको प्राविधिक प्रस्ताव मूल्याङ्कन गर्दा तपशिल बमोजिमका बोलपत्रहरु सफल भई सारभूत रुपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद नियमावली २०६४ (संसोधन सहित) को नियम ३१ (ङ) को उपनियम (५) अनुसार निम्न मिति, समय र स्थानमा निजहरुको आर्थिक प्रस्ताव खोलिने भएकोले सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आर्थिक प्रस्ताव खोलिने मितिः बि.सं. २०७८/०२/१० गते, समय दिनको १:०० बजे
स्थान– प्रदेश संग्रहालय पोखरा, कास्की

तपशिल

| सि.नं. | ठेक्का नं. | सफल बोलपत्रदाताहरु | कैफियत |
|---|---|---|---|
| १ | PM/Kaski/W/R/ 02/077-78 | श्री क्रियटीभ इन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन कम्पनी प्रा. लि. | |
| २ | | सूर्य कन्स्ट्रक्सन कम्पनी प्रा.लि. | |
| ३ | | अमीत/ यस विइ जेभी | |
| ४ | | नयाँवाटो / रुप जे.भी. | |
| ५ | | स्लेट / चन्द्रज्योती जे.भी. | |
| ६ | | पोखरा / आरुसी जे.भी. | |
| ७ | | वि.एम.ए./ पी एल जे.भी. | |

कार्यालय प्रमुख

## प्रदेश सरकार
## सामाजिक विकास मन्त्रालय
## प्रदेश जनस्वास्थ्य प्रयोगशाला
## कास्की

## करार सेवामा पदपूर्ति सम्बन्धी सुचना ।

यस प्रयोगशालाका लागि कोभिड–१९ उपचार तथा पि.सि.आर.ल्याब प्रयोगशालामा काम गर्ने गरि निम्नानुसारका पदहरुमा आ.व. ०७७/०७८ को आषाढ मसान्तसम्मका लागि स्वास्थ्य सम्बन्धी जनशक्ति करारमा लिन आवश्यक परेको हुदाँ योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुवाट यो सूचना प्रकाशित भएको मितिले ७ दिन (२०७८/०२/०९ गते कार्यालय समय) भित्र आफुले हासिल गरेका शैक्षिक योग्यता र नागरिकताको प्रमाणपत्र, काउन्सिल दर्ता प्रमाणपत्रको प्रतिलिपि सहित यस प्रयोगशालामा रीतपूर्वक दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| सूचना नं. | पद | सेवा समुह/ तह | आवश्यक संख्या | शैक्षिक योग्यता | अन्तरवार्ता मिति | उमेर | दरखास्त दस्तुर | पारिश्रमिक | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १/०७७ /०७८ | मेडिकल रेकडर (करार) | स्वास्थ्य मेडिकल रेकडर (पाँचौ) | २ | मान्यता प्राप्त शिक्षण संस्थावाट तथ्याङ्कशास्त्र वा गणित विषय लिई स्नातक तह उत्तीर्ण गरेको | २०७८/०२/ ९ गते दिनको ५:३० बजे | १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेका | नलाग्ने (निशुल्क) | नेपाल सरकारको प्रचलित स्केल अनुसार | अनुभवीलाई विशेष ग्राहयता दिइने छ |
| २/०७७ /०७८ | ल्याब टेक्निसियन (करार) | स्वास्थ्य (मे.ल्या.टे. पाँचौ) | ३ | मान्यता प्राप्त शिक्षण संस्था वाट ल्या.टे.कोर्ष उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको | २०७८/०२/ ९ गते दिनको ५:३० बजे | १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेका | नलाग्ने (निशुल्क) | नेपाल सरकारको प्रचलित स्केल अनुसार | अनुभवीलाई विशेष ग्राहयता दिइने छ |

सपना सुबेदी
नि.निर्देशक